आज मिति २०७९ चैत्र ३० गते बिहिवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०७९/८० को दशौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | commissionerRamesh@45 |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | Shresthadharmendra94 @gmail.com |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | का. वडा अध्यक्ष | श्री ~~घनश्याम खड्का~~ महेश थपलिया | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परीयार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |
| २३ | | महेश थपलिया | | |

**निर्णयहरु:-**

१. अघिल्लो कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो।

२. आर्थिक प्रशासन र योजना शाखावाट पेश भएको नगरपालिकाको चालु आ.ब. २०७९/८० को हाल सम्मको भौतिक र वित्तीय प्रगति विवरणवारे समिक्षा गरियो। हाल सम्मको वित्तीय प्रगति ३३.३० प्रतिशत र भौतिक प्रगति ५५.७६ प्रतिशतलाई पारित गरी लक्ष्य अनुसार प्रगति हाँसिल गर्ने गरी बाँकी काम समयमा नै सम्पादन गर्न गराउन सम्वन्धित शाखा तथा वडा कार्यालयहरुलाई निर्देशन दिने।

३. लक्षित वर्गको सीप, क्षमता, दक्षता र चेतना अभिवृद्धिको लागि सीप परीक्षण सहित ३९० घण्टाको तालिम कार्यक्रम ( Level1) सन्चालन गर्न बालाजु स्कुल अफ ईन्जिनियरिङग एण्ड टेक्नोलोजी, बालाजु, काठमाडौंबाट प्राप्त दररेट स्वीकृत गरी तपशिल बमोजिमका विषयमा तालिम कार्यक्रम संचालन गर्न उक्त सँस्थासँग सम्झौता गर्ने।

क. प्लम्बिङ्ग

ख. ईलेक्ट्रिसियन

ग. मोवाईल मर्मत

घ. टाईल मार्वल फिटर

ङ. लाईट भेईकल मर्मत (Junior Auto Mechanic)

च. वेल्डर

४. निर्माणाधिन नगरपालिकाको प्रशासकीय भवनको वरिपरी कम्पाउण्ड वाल निर्माणको लागि विद्युतिय वोलपत्रको माध्यमवाट खरिदको लागि सम्झौता भई निर्माण कार्य समेत सुरु भएकोमा उक्त कार्यको लागि रकम विनियोजन हुन छुटेकोले नगरसभाको एघारौं अधिवेशनवाट पारित योजना शिर्षक नम्वर २२९ विविध मर्मत सम्भार भैपरी शिर्षकमा विनियोजित बजेटबाट ठेक्का सम्झौतानुसारको रकम रु ५४७१९०३/८६ विनियोजन गरी मूल्यांकन बमोजिमको रकम खर्च लेखी भुक्तानी गर्ने।

५. टोखा नगरपालिका वडा नं. ८ मा स्थापना भएको सुलभ स्यानिटरी प्याड उद्योगले ब्यावसायीक रुपमा स्यानिटरी प्याड उत्पादन गर्न पेश गरेको ब्यावसायीक परियोजना प्रस्तावलाई स्वीकार गर्दै प्रविधि हस्तान्तरण अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा स्यानिटरी प्याड वनाउने मेसिन खरिद गरि उक्त सँस्थालाई हस्तान्तरण गर्ने। उक्त कार्यको लागि नगरपालिकावाट व्यहोर्नु पर्ने रकम नगरसभाको एघारौं अधिवेशन सि.नं. २ र नपुग रकम १७४ मा विनियोजित रकम मध्येवाट व्यहोर्ने।

६. सशर्त अनुदान मार्फत संघीय सरकारद्धारा टोखा नगरपालिकामा " पशुपन्छी बजार प्रबर्द्धनका लागि मिट मार्ट स्थापना" शिर्षकको योजना कार्यान्वयनको लागि मिति २०७९/५/१७ गते सूचना प्रकाशित गरी प्रस्तावना माग गरेकोमा एक वटा मात्र फर्म श्री निरमाया बहुउदेश्यीय कृषि फर्म प्रा.लि. बाट प्रस्ताव पेश हुन आएको र सोको प्राविधिक अध्ययन तथा अनुगमन पश्चात् पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७८ बमोजिम मापदण्ड पालना गरेको देखिएकोले उक्त सँस्था श्री निरमाया बहुउदेश्यीय कृषि फार्म प्रा.लि. को प्रस्ताव

CamScanner

बमोजिमको कार्य सम्पन्न भएपश्चात कामको मूल्यांङ्कनको ५० प्रतिशत, अधिकतम् रु. २९,५०,०००/- ( उन्नतीस लाख पचास हजार) मा प्रशासनीक खर्च घटाई बाँकी रकम अनुदान बापत उपलब्ध गराउने गरी सो सँस्थासँग सम्झौता प्रकृया अघि बढाउने ।

७. Water Supply project, Waste water project र Integrated water supply and waste water project को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र Water Supply project को संक्षिप्त वातावरणीय अध्ययन (BES) गर्नको लागि परामर्श सेवाको नर्म्स र परामर्श सेवाको लागि Professional र supporting staff को दर रेट स्वीकृत गर्ने ।

८. तपशिल बमोजिमका कानुनहरुलाई स्वीकृत गर्ने ।

क. टोखा नगरपालिकामा स्वास्थ्य सँस्था दर्ता ,अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका , २०७९

ख. टोखा नगरपालिकाको स्वस्थकर खाद्यपदार्थ खरिद तथा बिक्री वितरण मापदण्ड ,,२०७९

ग. टोखा नगरपालिकाको वन, वातावरण तथा सरसफाई कोष ( संचालन) कार्यविधि, २०७९

९. नगरपालिकाभित्र विभिन्न समुह, आमा समुह लगायतका सँघ-सँस्था दर्ता/ नविकरणको लागि कार्यविधिको मस्यौदा तयार गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई सैद्धान्तिक सहमती सहित निर्देशन दिने ।

१०. वडा नं.३ स्थित टोखा गणेशस्थान देखि हात्तिगौडा जाने सडक कालोपत्रे भएको स्थानमा सडक सुरक्षा चिन्ह एवं ट्राफिक उपकरण जडानको लागि एघारौं नगरसभाको सि.नं. २३७ मा विनियोजित रकम मध्येवाट रु ४ लाख विनियोजन गर्ने । साथै अन्य आवश्यक सडकहरुमा समेत सडक सुरक्षा चिन्ह एवं ट्राफिक उपकरणहरु जडान गर्ने ।

११. टोखा नगरपालिका भित्र ठेगाना भई दर्ता भएका सामाजिक विकास सँस्थाहरुलाई सम्बन्धित वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र जारी गर्ने ।

१२. मालपोत कार्यालय तथा नापी कार्यालय टोखा स्थापनाको लागि टोखा नगरपालिका भित्रको उपर्युक्त स्थान पहिचान गरी सिफारिस गर्न तपशिल वमोजिमको समिति गठन गर्ने ।

३ नं. वडाका वडाध्यक्ष श्री रमेश डंगोल – संयोजक

२ नं. वडाका वडाध्यक्ष श्री धर्मेन्द्र श्रेष्ठ – सदस्य

१ नं. वडाका वडाध्यक्ष श्री रमेश कुमार लामिछाने – सदस्य

नगरपालिकाको अमिन श्री विजयलक्ष्मी डंगोल – सदस्य सचिव

१३. टोखा नगरपालिकाको ऐतिहासिक सांस्कृतिक पर्व टोखा विष्काःजात्रा २०८० को उपलक्ष्यमा यहि मिति २०८० बैशाख ४ गते टोखा नगरपालिका भरी तथा वैशाख ३ गते टोखा नगरपालिका वडा नं. २ र ३ मा सार्वजनिक विदा दिने । सो दिन टोखा नगरपालिका, अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा शैक्षिक संस्थाहरु वन्द रहने ।

CamScanner

१४.औषधि उपचार सहायता माग गरेका आर्थिक अवस्था कमजोर भएका तपशिल वमोजिमका व्यक्तिहरु एवं मृतक परिवार समेतलाई चिकित्सकको प्रेस्किप्सन र वील भर्पाई वमोजिम हुने गरी औषधि उपचार खर्च शिर्षकवाट तपशिल वमोजिमको रकम उपलव्ध गराउने ।

क. वडा नं.३ वस्ने श्री राम सुनारलाई सहयोग रु १५ हजार

ख. वडा नं. ४ वस्ने श्री सुर्यमाया डंगोललाई रु ५० हजार

ग. वडा नं. १० वस्ने श्री कोपिला पोखरेल रु १ लाख

घ. वडा नं. ४ मा स्वास्थमा कार्यरत श्री विना कार्की रु ३० हजार

उल्लेखित शिर्षकमा हाल व जेट नपुग भएको खण्डमा आगामी आ.ब.मा वजेट व्यवस्था भए पश्चात कार्यान्वयन गर्ने ।

१५.टोखा नगरपालिकाका साहित्यकारहरु र निर्वाचित जनप्रतिनिधिहरुलाई २ दिने जनसम्पर्क र प्रस्तुतीकरण सम्वन्धी तालिम कार्यक्रम संचालनको एघारौं नगरसभाको सि.नं. १७४ मा विनियोजित रकम मध्येवाट रु ९५ हजार विनियोजन गर्ने ।

१६. टोखा नगरपालिका वडा नं. १ वस्ने श्री मनोज वजगाईलाई टोखा नगरपालिका भित्र रहेका सम्पूर्ण सडकवत्ती मर्मत गर्ने गरी प्राविधिक शाखा प्रमुख तथा सम्वन्धित वडाअध्यक्षले प्रमाणित गरेको विवरणको आधारमा काम गरेको दिनको मात्र पारिश्रमिक प्राप्त गर्ने गरी हाललाई २०८० असार मसान्त सम्म सहायक चौथो तह सरहको पारिश्रमिक प्राप्त गर्ने गरी ईलेक्ट्रिसियन पदमा दैनिक ज्यालादारीमा काममा लगाउने ।

१७. विभिन्न वडा कार्यालयवाट प्राप्त सिफारिस पत्रानुसार नेपाल खेलकूद महासंघ वागमती प्रदेश समितिद्धारा मिति २०७९-१०-४ देखि ७ गते सम्म रामेछापको मन्थलीमा सम्पन्न भएको वागमती पुरुष भलिवल प्रतियोगिता, २०७९ सम्पन्न भई उक्त आयोजक संस्थावाट रकम उपलव्ध गराईदिन निवेदन प्राप्त भएकोले वडा कार्यालयको सिफारिस उक्त संस्थाको निवेदन, कार्यक्रम सारसंक्षेप, विल भर्पाई लगायतका कागजातको आधारमा आयोजक श्री नेपाल खेलकूद महासंघ, वागमती प्रदेश, हेटौंडालाई रकम भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

| सि.नं. | वडा नं. | सिफारिस मिति | च.नं. | खर्च लेख्ने योजना किताबको सि.नं. | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ८ | २०७९-११-१४ | २२०७ | ८२५ | २५००० |
| २ | ९ | २०७९-१०-३ | १५१५ | ८९९ | ५०००० |
| ३ | १० | २०७९-१०-५ | १४८१ | ९६६ | ५०००० |
| ४ | ११ | २०७९-१०-३ | १५२४ | १०३६ | ५०००० |
| | | | | जम्मा | १७५००० |

१८. वडा नं. ६ को यू आकारको सडक स्तोउन्नती / कालोपत्रे गर्ने कार्यको लागिप्राविधिक लागत अनुमान तयार हुदाँ नगरसभावाट विनियोजित रकमले नपुग हुने देखिएकोले पुग हुने रकम नगरसभाको एघारौं अधिवेशनको सि.नं. २२९ मा विनियोजित रकम मध्येवाट रु ८५७९७१.४३ विनियोजन गर्ने गरी खरिद प्रकृया अगाडि वढाउने ।

CamScanner

२०. नगरसभाको बाह्रौं  अधिवेशन शिर्षक परिवर्तन तर्फ सि.नं. ६५ मा विनियोजित **सरस्वती गेट देखि वाईपास सडक ओरालो ढलान** मा लाम्नेपाचा क्षेत्रको वाईपास सडक ढलान शिर्षक हुनु पर्नेमा अन्यथा भएकोले उक्त योजनाको नाम संशोधन गरी **लाम्नेपाचा क्षेत्रको वाईपास सडक ढलान** गर्ने गरी कार्यान्वयनको लागि वडा कार्यालयवाट लेखि आए बमोजिम हुनेगरी कार्यान्वयन गर्ने ।

२१. टोखा संस्कृति संरक्षण क्षेत्रको मौलिक परम्परागत सम्पूर्ण जात्रा पर्व संचालन व्यवस्थापन तथा वाजा खलः,गुथीहरुलाई वाजा मर्मत र तलेजु, गणेश, कुमारीको नित्य पुजा कर्म संचालन तथा व्यवस्थापन खर्च एवं विभिन्न गुठीखलहरुलाई वितरणको लागि विनियोजन भएको रु १८ लाख रकम भुक्तानी मागको लागि पेश भएकोले उक्त कार्यको सम्वन्धित वडाकार्यालयहरु (वडा नं. २ र ३) को वडास्तरिय अनुगमन समितिको निर्णय, विभिन्न खल/गुठीहरुलाई रकम वितरण गरेको भर्पाई वडा कार्यालयहरुवाट प्रमाणित गराई रकम वुझ्ने व्यक्तिको नागरिकताको कपी, वडाको भुक्तानी सम्वन्धि सिफारिस समावेश गरि अन्य खर्चहरु समेतको स्थानीय समितिको सम्पूर्ण खर्च विवरण अनुमोदन गराई  नियमानुसारको विल भर्पाई संलग्न राखी उल्लेखित टोखा विस्का जात्रा, २०८० सम्पन्न भई सकेकोले टोखा संस्कृति संरक्षित क्षेत्र विकास समितिलाई संस्कृति संरक्षण तथा प्रवर्द्धन कोषमा विनियोजित रकम मध्येवाट भुक्तानी उपलव्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

२२.तपशिल बमोजिमका व्यावसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) बमोजिम 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने ।

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १ | बंश निर्माण सेवा प्रा.लि | टोखा न.पा.- ६ | |
| २ | कृष्ण जोन कनस्ट्रक्सन प्रा.लि | टोखा न.पा. - ४ | |
| ३ | ड्रिम टिम कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – ६ | |

CamScanner

| | | | |
|---|---|---|---|
| ४ | ट्री कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – २ | |
| ५ | जय पशुपतिनाथ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – ४ | |
| ६ | नटराज इन्जिनियरिङ् कन्सल्टिङ एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – ८ | |
| ७ | शितल चौतारी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – ११ | |
| ८ | राधाकृष्ण ड्रिलिङ एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि | टोखा न.पा. – ५ | |
| ९ | हाई प्वाईन्ट कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – २ | |
| १० | जहारी कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – २ | |
| ११ | डिजाएरएबल कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – ४ | |
| १२ | स्वानी कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – २ | |
| १३ | इको सेन्स कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – ६ | |
| १४ | क्लीनसट कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – ६ | |
| १५ | एस.के.एस.ए ईन्जिनियरिङ् सर्भिसेज | टोखा न.पा. – २ | |
| १६ | बुद्धिमान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – ९ | |
| १७ | स्मार्ट रानी महल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – ८ | |
| १८ | मनीशुक कन्स्ट्रक्सन कम्पनी प्रा.लि | टोखा न.पा. – ९ | |
| १९ | जि.एट निर्माण सेवा प्रा.लि | टोखा न.पा. – ९ | |
| २० | गजबक्र कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि | टोखा न.पा. – ६ | |
| २१ | थानापती महादेव कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – २ | |
| २२ | इमोहाङ्ग कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – ८ | |
| २३ | एडभान्स स्ट्रक्चर डेभलपर्स | टोखा न.पा. – ९ | |
| २४ | ट्विन्स ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – ५ | |
| २५ | कार्की कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – २ | |
| २६ | रिना देवी कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – ९ | |
| २७ | एडभान्स आर्किटेक्चर एण्ड इन्टेरियर डिजाईन प्रा.लि | टोखा न.पा. – ११ | |
| २८ | चंखेली बिल्डर्स प्रा.लि | टोखा न.पा. – ११ | |
| २९ | रामतारा निर्माण सेवा | टोखा न.पा. – ४ | |
| ३० | आयुश्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – ११ | |
| ३१ | किरण क्षितिज निर्माण सेवा प्रा.लि | टोखा न.पा. – ५ | |
| ३२ | स्क्वायर इन्जिनियरिङग एण्ड कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – १० | |
| ३३ | अपरच्युनिटी कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – ३ | |
| ३४ | छानो कन्स्ट्रक्सन एण्ड रियलस्टेट प्रा.लि | टोखा न.पा. – ४ | |
| ३५ | कला बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – ८ | |
| ३६ | एडभान्स डिजाईनर्स प्रा.लि | टोखा न.पा. – १० | |
| ३७ | अनुमति कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – ८ | |
| ३८ | दिप एण्ड भूमि बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – १० | |

CamScanner

| | | | |
|---|---|---|---|
| ३९ | मिसन एण्ड एभिया निर्माण सेवा प्रा.लि | टोखा न.पा. – १० | |
| ४० | सुर्यदर्शन निर्माण सेवा प्रा.लि | टोखा न.पा. – ६ | |
| ४१ | ऐडी कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – ८ | |
| ४२ | बुद्धा इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन कम्पनि प्रा.लि | टोखा न.पा. – ९ | |
| ४३ | एल.बि.स्क्वायर कन्स्ट्रक्सन सेवा प्रा.लि | टोखा न.पा. – १० | |
| ४४ | बि.एस.एच. निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – ८ | |
| ४५ | साँगोसोती कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – ५ | |
| ४६ | अवसर कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – ३ | |
| ४७ | नागु कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा. – १० | |
| ४८ | कर्मा इन्फ्रा डेवलपर्स प्रा.लि | टोखा न.पा. – ६ | |
| ४९ | जय पशुपतिनाथ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – १० | |
| ५० | मुनबीम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – ९ | |
| ५१ | भवानी लक्ष्मी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा. – ९ | |

२३.विभिन्न वडाबाट सिफारिस भई आएका तपशिल वमोजिमका आयोजना तथा कार्यक्रमहरुका लागि नगरसभाको एघारौं अधिवेशनवाट निम्न शिर्षकहरुमा विनियोजित रकममध्येवाट खर्च लेख्ने गरी कार्यक्रम स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडि वढाउने ।

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १ | धापासी विष्केट जात्रा व्यवस्थापन | ४ | ५५०००० | २२८ वाट अनुमोदन |
| २ | सामाजिक सञ्जालको सदाचारी प्रयोग सम्वन्धि विषयक प्रशिक्षण कार्यक्रम –३० वटा विद्यालयस्तरमा | न.पा | ७५००० | १७४ |
| ३ | पन्चेटार चोकवाट वालकुमारी मन्दिर तर्फ जाने सडक ग्राभेल | २ | २५०००० | २२९ |
| ४ | नौमति वाजा प्रतियोगिता-राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल, चावहिललाई भुक्तानी | | ५०००० | २२८ |
| ५ | स्त्रीरोग परिक्षण तथा रक्तदान कार्यक्रमको लागि आर्थिक सहयोग-द्रव्य बहुउदेश्यीय सहकारी संस्था | ९ | ५०००० | १७४ |
| ६ | सदानन्द भगवत ज्ञान प्रचार परिषद् नेपालको भवन निर्माण सहयोग ( सम्वन्धित स्थानीय तहसंग सहकार्य गरी उक्त स्थानिय तह मार्फत रकम उपलब्ध गराउने) | | २००००० | २२८ |

CamScanner

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| ७ | सपनतिर्थ मन्दिर परिषरमा सिसिक्यामेरा, वत्ती जडान , रंगरोगन लगायतका कार्य | २ | ५८१००० | २२८ |
| ८ | मालुङ वस्तीमा लशकुश वाँसुरी खल लाई खललाघ वाद्यवादन सिकाई तथा सामाजिक कार्यक्रम | १ | ९०००० | १७४ |
| ९ | विष्णुमति करिडोरमा सडकवत्ती जडान कार्य – वडा नं. ९ को क्षेत्रमा | ९ | ५००००० | २३३ |
| १० | जनजातिहरुलाई उद्घघोषण तालिम | ३ | २००००० | १७४ |
| ११ | चेल्सा पुल देखि ईकु पुल सम्म सडक ग्राभेलिङ | २ | ४५०००० | २२९ |
| १२ | नमोवुद्ध ड्रग एण्ड अलकोहल ट्रिटमेन्ट एण्ड रिहाविलेटेसन सेन्टरमा रहेका गरिब तथा विपन्न आश्रितहरुलाई सहयोग स्वरुप खाद्यान्न, कपडा तथा अन्य आवश्यक सामाग्री खरिद गरि उपलव्ध गराउने | त.न.पा | २००००० | १७४ |
| १३ | ७०% अनुदानमा कम्पोष्ट विन(स्मार्ट बकेट) वितरण | | ३००००० | २२४ |
| १४ | वडा नं. ११ निवासी युवराज थापाको छोरालाई अटिजम सम्वन्धि अपाङ्गताको उपचार तथा थेरापीको लागि सहयोग- उपमेयर संग वालवालिका शिर्षकवाट | | ७५००० | १२१ |
| १५ | ग्राण्डीभिल्ला विष्णुमति करिडोरको वाल निर्माण | ३ | ८००००० | २४९ |
| १६ | धिमेवाजा प्रशिक्षण कार्यक्रम | ५ | १५०००० | १७४ |
| १७ | एडभान्स उद्घघोषण तथा प्रस्तावना लेखन कार्यक्रमलाई रकम थप | १० | १५०००० | १७४ |
| १८ | मनकामना टोल अन्तर्गत शान्तिवाटिका चोक देखि उत्तर तर्फ रहेको सार्वजनिक जग्गालाई संरक्षण तथा तारजाली लगाउने कार्य | ३ | ४७५००० | २४७ |
| १९ | वानियाँटार वाट सुर्यदर्शन हाईट जाने मूल सडकको भिरको डिल तर्फ रेलिङग राख्ने कार्य | ३ | ५००००० | २४७ |
| २० | मुःध्वखा टोल वाद्यवादन सामाग्री( धिमे बाजा, भुस्या, स्पिकर, हेड माईक, धिमे स्टिक, हार्मोनियम चेन्जर र तबला) | २ | ३००००० | २२८ |
| २१ | कोहिटी टोलको शेर्पा आयल स्टोर देखि नाग | ३ | ४८०००० | २४७ |

CamScanner

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| | मन्दिर सम्मको वाटो ढलानको वाँकी कार्य सम्पन्नको लागि | | | |
| २२ | गणेशखोला कल्भर्ट संरक्षण वाल निर्माण | १ | १५५०००० | २४७ |
| २३ | जहाँनियाँ गाउँ रमेश अधिकारीको घर देखि साङ्ले खोला जोड्ने सडक स्तरोउन्नती | १ | २५००००० | २४७ |
| २४ | सिमाचौरवाट हेल्थपोष्ट जाने सडक स्तरोउन्नती | १ | १७००००० | २४७ |
| २५ | ओमशान्ति मार्ग टोल अन्तर्गत ओमशान्ति भवनको वरीपरि ढल तथा सडक स्तरोउन्नती | ३ | ४००००० | २४७ |
| २६ | अनुसन्धानको लागि सहयोग – अमृत क्याम्पसको छात्र आभाष कट्टेल | | १००००० | शैक्षिक सहयोग सि. |
| २७ | उमा भण्डारी फिजियो थेरापी सेन्टर प्रा.लिलाई कम्प्युटर /ल्यापटप एवं प्रिन्टर खरिद कार्यका लागि अनुदान सहयोग | | ४००००० | अन्य संस्था अनुदान शिर्षकवाट |
| २८ | विष्णुमति नदि करिडोरमा वाल निर्माण ( मैजुहिटी धारवाट तल पुलको जिप हुदै पश्चिमतर्फ जाने सडक) | ११ | १५००००० | २४९ |
| २९ | कपिन्डोल राजकूलो सडक स्तरोउन्नती कार्यको रकम | २ | ८४०००० | २४७ |
| ३० | सिसिंको मर्निङ चोक देखि कलिना तामाङ ( शेर्पा) को घर सम्मको भित्री सडक ढलान | ३ | ३००००० | २४७ |
| ३१ | श्रमिक वहुउदेश्यीय सहकारीलाई मल र ग्यासको लागि धरौटी अनुदान | १ | २००००० | १७४ |
| ३२ | वडा नं. १० र ११ को सिमानामा रहेको खरिवोट देखि सि.आर.एस.सम्मको खानेपानी सहज आपूर्ति | १०-११ | खानेपानी शिर्षकवाट लागत अनुमान अनुसारको रकम उपलब्ध गराउने | |
| ३३ | हाम्रो पालिका कार्यक्रम निर्माण तथा प्रशारण | | ९०००० | कार्यक्रम खर्च |
| ३४ | वडा नं. २ को वडा कार्यालय भवन पार्टेशन तथा फर्निसिङ | २ | ५००००० | कार्यालय संचालन |
| ३५ | भिल्ली धर्म श्रेष्ठको घर देखि पन्चेटार चोक सम्म खानेपानी पाईपलाईन विस्तार | २ | १०००००० | २५० |
| ३६ | टोखा नगरपालिकाको समाचारमूलक, जानकारी मूलक तथा सन्देशमूलक कार्यक्रमहरु निर्माण तथा प्रशारण/प्रकाशन | | ९०००० | कार्यक्रम खर्च |

CamScanner

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| ३७ | मन्टेश्वरी तालिम कार्यक्रम | ६ | ४००००० | १७४ |
| ३८ | टोखा नगरस्तरिय वालकोष स्थापना | | ३००००० | १७४ |
| ३९ | वडा नं. १ को दलित वस्तीमा पानी ट्याङ्की राख्नको लागि स्टयाण्ड निर्माण | ७ | ट्याकी स्टयाण्ड निर्माण गर्ने (८२०००) | २४७ |
| ४० | टोखा जेष्ठनागरिक समाजलाई तिर्थाटन कार्यक्रम | ७ | १५०००० | १७४ |
| ४१ | गंगाजमुना जनजाति समूहको अगुवाईमा तालिम विहिन व्यक्तिहरुलाई उद्धघोषण , नेतृत्व विकास तालिम कार्यक्रम | ३ | २५०००० | १७४ |
| ४२ | टोखा नगरपालिकाका कम्तिमा ५० जना सहभागिलाई कम्तिमा १ महिने फ्यामिलि हेल्थ केयर गिभर तालिम कार्यक्रम | | ४००००० | १७४ |
| ४३ | सहनशिला महिला टोलका कम्तिमा २० जना दिदी वहिनीहरुलाई सीप परीक्षण सहित ३९० घण्टा सिलाई वुनाई तालिम | ३ | ४००००० | १७४ |
| ४४ | सामाजिक संजालको उचित प्रयोग गर्ने तरिका र सामाजिक सम्वन्ध विस्तार कार्यक्रम | ९ | २००००० | १७४ |
| ४५ | टोखा ३ को नवदृष्ट्रि टोलमा आवद्ध व्यक्तिहरुलाई उद्धघोषण तालिम कार्यक्रम | ३ | २५०००० | १७४ |
| ४६ | मनोसामाजिक परामर्श तालिम र नाटक मञ्चन कार्यक्रम | | २००००० | १७४ |
| ४७ | वडा नं. ३ स्थित ॐ शान्ति देखि विष्णुमति पुल सम्म जाने सडक मा खानेपानीको पाईपलाईन राख्ने कार्य | ३ | ७०००० | २५० |
| ४८ | रमणवस्ती पूर्वपट्टीको विष्णुमति नदिमा फ्लव वाल/ रिटेनिङ्ग वाल निर्माण | ८ | ३५००००० | २४९ |
| ४९ | श्रृजनशिल टोल भित्रको सडक स्तरोउन्नती - ६०/४० प्रतिशत लाग सहभागिता | ३ | कूल लागतको ६० प्रतिशत नगरपालिकावाट व्यहोरिने रकम सि.नं. २२९ वाट खर्च गर्ने गरी ६०-४०% लागत सहभागितामा कार्य अगाडि वढाउने गरी | |
| ५० | विष्णुमति कोलु टोलमा ढल तथा खानेपानी पाईपलाईन विस्तार ६०-४० % लागत सहभागिताको लागि माग भएको | ३ | कूल लागतको ६० प्रतिशत नगरपालिकावाट व्यहोरिने रकम सि.नं. २२९ वाट खर्च गर्ने गरी ६०-४०% लागत सहभागितामा कार्य अगाडि वढाउने गरी | |
| ५१ | जनकल्याण चोक नजिक राजश्रेष्ठको द्धार देखि विकाला श्रेष्ठको घरसम्मको वाटोमा खानेपानी, | ४ | कूल लागतको ६० प्रतिशत नगरपालिकावाट व्यहोरिने रकम सि.नं. २२९ वाट खर्च गर्ने गरी ६०-४०% लागत सहभागितामा कार्य अगाडि वढाउने गरी | |

CamScanner

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| | पाईपलाईन विस्तार,ढल जडान र ब्लक विछ्याउने कार्य ६०-४० % लागत सहभागिताको लागि माग भएको | | | |
| ५२ | शिव मन्दिर तथा प्रतिक्षालय निर्माण | ३ | कूल लागतको ६० प्रतिशत नगरपालिकावाट व्यहोरिने रकम सि.नं. २२९ वाट खर्च गर्ने गरी ६०-४०% लागत सहभागितामा कार्य अगाडि वढाउने गरी | |

२४.नगरपालिका भित्र रहेका तपशिल वमोजिमका सार्वजनिक जगाहरुमा सम्वन्धित वडा कार्यालयहरुको सिफारिसका आधारमा विभिन्न संरचना (सामुदायीक भवन/ पाटी/ मठमन्दिर आदि) निर्माण प्रकृया अगाडि वढाउने।

| सि.नं. | निर्माण हुने संरचनाको नाम | वडा नं. | वडाको सिफारिसको मिति र च.नं. | सार्वजनिक जगाको साविक गा.वि.स/ वडा/ कि.नं |
|---|---|---|---|---|
| १ | गेलालवारी पल्लाघरेटोल कुलदेवता थान निर्माण | १ | २०७९-१२-१४, २१०१ | झोरमहाँकाल/८/ सिट नं. कि.नं. १०० को सार्वजनिक जग्गा |
| १ | वडा नं. १ मा निर्माणाधिन ओमशान्ति भवन निर्माण | १ | २०७९-१२-१५, २१३४ | झोरमहाँकाल/८ ज/ सिट नं. कि.नं. १२१ को सार्वजनिक ५-२-०-० जग्गाको दक्षिण तर्फको केहि भाग |

२५. यस कार्यालयको राजस्व शाखामा प्रयोग भएको एकीकृत कर संकलन प्रणाली सफ्टवेयरको सर्पोर्ट सेवा तथा अपडेट कार्य Annual Maintenance Contract वापतको रकम रु. ८४७५० र ई- हाजिरी व्यवस्थापन प्रणालीको वार्षिक सपोर्ट र सर्भर होस्टिङ् एवं वेव होस्टिङ्क वापतको रकमरु ५८७६०/- गरी जम्मा रु १४३५१०/- Softech Infosya P.Ltd लाई भुक्तानी उपलब्ध गराउने।

२६. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट श्री अल्टरनेटिभ फाउण्डेशनलाई संघीय सरकार शर्सत अनुदानमा रु १ करोड २० लाख थप वजेट विनियोजन भई आएकोले पर्यटन तथा नागरिक उड्यन मन्त्रालयबाट जारी मापदण्ड बमोजिम तोकिएको कार्य तोकिएकै समयमा सम्पन्न गरी यस नगरपालिका र सम्वन्धित मन्त्रालयमा प्रगति प्रतिवेदन र लेखापरीक्षण गराई सो को प्रतिवेदन समेत २०८० असोज मसान्त भित्र पेश गर्ने गरी को.ले.नि.का.वाट निकासा हुने रकम अल्टरनेटिभ फाउण्डेशनसंग सम्झौता गरी अनुदान निकासा उपलब्ध गराउने।

२७. बाह्रौं नगरसभाको सि.नं. ११( नयाँ थप) ओमशान्ति भवन निर्माण कार्य हुनु पर्नेमा वडा नं. १ स्थित ओमशान्ति टोल बिकास संस्थाको अपुरो भवन निर्माण सम्पन्न हुन गएकोले सो ओमशान्ति भवन निर्माण कार्य गर्ने गरी सम्झौता प्रकृया अगाडि वढाउने ।

२८. टोखा नगरपालिका भित्र रहेका सार्वजनिक भवनहरुको यथार्थ अभिलेख तयार गर्न सवै वडा कार्यालयहरुलाई पत्राचार गर्ने। सार्वजनिक भवनहरुवाट हुने आम्दानी नगरपालिका माताहत ल्याउने।

२९. नगरपालिकाको समग्र राजस्व अध्ययन कार्यका लागि परामर्श सेवा मार्फत प्रकृया अगाडि वढाउने।

CamScanner

३०. वडा नं. १ मा रहेको स्वास्थ्य चौकीलाई वडा कार्यालयसंगैको स्वच्छ उपकार संस्थाको भवनमा स्थानान्तरणका लागि आवश्यक छलफल गर्ने ।

३१. आगामी आ.ब. २०८०/८१ को वजेट तर्जुमा समय, कार्यतालिका तपशिल वमोजिम स्वीकृत गर्ने ।

३२. नापी विभागवाट टोखा नगरपालिकाको वाँकी भागको जग्गाको हालसाविक गर्न खटिएको टोलीलाई नगरपालिकाकवासीको सहजताको लागि नगरपालिकावाटै कार्य संचालन गर्न वडा नं. २ मा कार्यालय स्थापनाको लागि नापी विभागमा पत्राचार गर्ने उक्त विभागवाट कार्यालय भाडा उपलव्ध नहुने भएमा नगरपालिका कार्यालयवाट व्यहोर्ने ।

३३.चालु आ.ब. २०७९/८० को लागि स्वीकृत भएका योजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत संचालन गरिने योजनाहरुको कार्यान्वयनको लागि २०८० बैशाख १५ गते भित्र सम्झौता प्रकृया सम्पन्न हुने गरी रीत पूर्वकको उपभोक्ता समिति/ टोल विकास संस्था गठन गर्न सवै वडा कार्यालयहरुलाई पत्राचार गर्ने नबौं नगरकार्यपालिकाको मिति २०७९-११-३० को बैठकवाट निर्णय भएकोमा उक्त समयसीमा २०८० जेठ ५ गते सम्म कायम गर्ने ।

३४.नयाँ वर्ष २०८० बिक्रम सम्वतको पावन अवसरमा देश विदेशमा रहेका सम्पूर्ण टोखा नगरवासी एवं नेपाली दाजुभाई तथा दिदीवहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने ।

CamScanner

# टोखा नगरपालिकाको आगामी आ.ब.२०८०/८१ को कार्यक्रम कार्यतालिका

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धमा गरेका व्यवस्थालाई एकीकृत गरी टोखा नगरपालिकाले आगामी आ.ब.२०८०/८१ को लागि तपशिल वमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका चरण तथा कार्यक्रमहरु तय गरिएको:

| चरण | योजना तर्जुमा सम्वन्धी कार्य | समयसीमा | प्रमुख जिम्मेवारी | |
|---|---|---|---|---|
| १. बजेटको पूर्व तयारी | विषय क्षेत्रसँग सम्वन्धित सूचना सङ्कलन र विश्लेषण गरी स्थितिपत्र अद्यावधिक गर्ने | बैशाख २० गते भित्र | विषयगत महाशाखा/ शाखा | |
| | आगामी तीन आ.ब.मा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना समेत कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको विवरण तयार गर्ने | बैशाख २० गते भित्र | विषयगत महाशाखा/ शाखा, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समिति | |
| | आगामी आ.ब.को राजस्व ( आन्तरिक स्रोत,राजस्व बाँडफाँट,रोयल्टी,अनुदान र ऋण) को प्रक्षेपण र अनुमान तयार गर्ने | पुस १५ गतेभित्र | राजस्व परामर्श र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति | साविकमा तयारभएको कार्यलाई पुनः विचार गर्ने |
| | आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क विवरण संघ र प्रदेश अर्थ मन्त्रालयमा पेश गर्ने | पुस मसान्त भित्र | राजस्व तथा आर्थिक प्रशासन शाखा | साविकमा तयारभएको कार्यलाई पुनः विचार गर्ने |
| | विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यलाई जिम्मेवारी दिने | माघ मसान्तभित्र | कार्यपालिका | |
| २. श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | संघ र प्रदेशबाट अनुदान र राजस्व बाँठफाँट र रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त गर्ने | संघवाट फागुन र प्रदेशबाट चैत्र मसान्त भित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| | गैसस,उपभोक्ता समिति,सहकारी संस्था आदिसँग योजना तथा बजेट सम्वन्धमा पूर्व बजेट छलफल गर्ने | बैशाख मसान्त भित्र | प्रमुख | |
| | नीति तथा कार्यक्रम तयार गरी प्रमुखद्धारा सभामा पेश गर्ने | जेठ ७ गतेभित्र | प्रमुख | |
| | बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार गर्ने | जेठ ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | |
| | कूल बजेट अनुमान,सीमा निर्धारण र बजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तयार गर्ने | जेठ १० गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | |
| | विषयगत शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने | जेठ १५ गते भित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| ३. बस्ती/टोल स्तरवाट योजना छनोट | बस्ती/ टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँट गर्ने | जेठ २० भित्र भित्र | वडा समिति | |
| | बस्ती/टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने | जेठ २२ भित्र भित्र | वडा समिति र समितिका तोकिएका सदस्य | |
| ४.वडा स्तरीय योजना प्राथमिकता निर्धारण | वस्ती/टोलस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रअनुसार छुट्याउने | जेठ २५ गते भित्र | वडा समिति तथा कार्यालय | |
| | वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | जेठ २५ गते भित्र | वडा समिति तथा कार्यालय | |
| ...था कार्यक्रम तर्जुमा | विषयगत शाखावाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने | जेठ मसान्त भित्र | विषयगत शाखा | |
| | विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा साङ्केतीकरण गर्ने | जेठ मसान्त भित्र | विषयगत समिति | |
| | बजेट ( राजस्व,व्यय तथा वित्तीय व्यवस्था) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | जेठ मसान्त भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |

CamScanner

| | | | |
|---|---|---|---|
| ८. एकिकृत बजेट | गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | आर्थिक विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | विनियोजन विधेयकको मस्यौदा तयार गर पेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ६. कार्यपालिकावाट स्वीकृत र सभामा पेश | बजेट( राजस्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान) वार्षिक विकास कार्यक्रम, मध्ययकालीन खर्च संरचना, आर्थिक एवं विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्ने | असार १० गते भित्र | नगरकार्यपालिका |
| ७. सभाबाट स्वीकृति | बजेट ( राजस्व,व्यय तथा वित्तीय व्यवस्थाको अनुमान) बार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्राशन गर्ने | असार १६ गते | नगरसभा |
| | बजेट पुस्तिका तयारी तथा छपाई गर्ने | साउन १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |